मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १२० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत ३ गते बिहीबार (Thursday, March 17. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## २५ चैतदेखि बालबालिकालाई टाइफाइडबिरुद्धको खोप

**काठमाडौं, चैत २।** सरकारले यही चैत २५ गतेदेखि बैसाख १८ गतेसम्म देशभरका बालबालिकालाई टाइफाइडबिरुद्धको खोप लगाउने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी प्रवक्ता डा. संगीता कौशल मिश्राले १५ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई टाइफाइडबिरुद्धको खोप लगाउने जानकारी दिइन्।

१५ महिनादेखि १५ वर्षसम्मका सबै बालबालिकाले टाइफाइडबिरुद्धको खोप पाउनेछन्। सरकारले यसपटक ९५ प्रतिशत बालबालिकालाई टाइफाइडबिरुद्धको खोप लगाउने लक्ष्य लिएको छ।

## नोबेलमा युवकको पेटबाट निकालियो सिक्री र बक्कल



**काठमाडौं, चैत २।** नोबेल मेडिकल कलेज विराटनगरका चिकित्सकले बिरामीको पेटबाट फलामको सिक्री र कम्मरमा बाँध्ने पेटीको बक्कल निकालेका छन्।

भोजपुरको भोजपुर नगरपालिका-१२ का २१ वर्षीय युवकको शल्यक्रिया गरी सिक्री र बक्कल निकालिएको हो। पारिवारिक स्रोतका अनुसार ती युवाले आत्महत्या प्रयास गर्ने क्रममा आफैंले कम्मरमा लगाएको पेटीको बक्कल र घाँटीमा लगाएको सिक्री निलेका थिए।

घटनापछि उपचारका लागि नोबेल ल्याइएका ती युवाको पेटबाट दुवै सामान निकालिएको हो।

बिना चिरफार इण्डोस्कोपिक विधिमार्फत पेटमा भएको बक्कल मुखबाट निकालिएको नोबेलका विशेषज्ञ शल्यचिकित्सक डा. ध्रुव नारायण शाहले जानकारी दिए।

डा. शाहका अनुसार ती युवाको पेटको खाना नलीमा बक्कल अड्किएको थियो भने आमाशयमा सिक्री थियो। मुखबाट इण्डोस्कोप छिराएर मुखबाटै बक्कल निकालिएको हो। आमाशयमा रहेको सिक्री भने दिसाको माध्यमबाट निस्किएको हो। पेटको शल्यक्रिया तथा क्यान्सर सम्बन्धि चिकित्सक डा. शाह, डा. मोहन खड्कासहितको टोलीले वक्कल निकालेर बिरामीलाई जोखिममुक्त बनाएको हो।

बिना चिरफार बक्कल र सिक्री निकालिएपछि अहिले उनको स्वास्थ्य अवस्था सामान्य छ। स्वास्थ्य अवस्था सामान्य बनेपछि उनलाई डिस्चार्ज गरिएको नोबेल अस्पतालले जनाएको छ।

# दुर्घटनाको कारण ‘सडक र सवारीको चाप’

नरेन्द्र ढकाल

**बिर्तामोड, चैत २।** सडकको दुरावस्था तथा सवारीसाधनको चाप दिनप्रतिदिन बढेसँगै पछिल्लो समय दुर्घटनाको संख्या पनि बढ्दै गएको छ।

ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि सडकको दुरावस्था, सवारीसाधनको चाप बर्षेनि बढ्नु, चालकको लापरवाही लगायतका विभिन्न कारणले दुर्घटनाको संख्या बढ्दै गएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

दिनप्रतिदिन बढ्दै गएको सवारी दुर्घटनाका कारण नेपालका कतिपय सडक ‘डेथ-जोन’ बन्दै गएका छन्। झापामा पनि कतिपय स्थानमा दुर्घटनाग्रस्त क्षेत्रका रुपमा विभाजन गरेर ट्राफिक प्रहरीले सचेतनामूलक बोर्डहरु राखेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि चालकको लापरवाही तथा सडकको दुरावस्थाका कारण दुर्घटना न्यूनीकरण प्रभावकारी बन्न नसकेको ट्राफिक प्रहरी निरीक्षक



निशेष चापागाँईले बताए। उनले भने- ‘वर्षौं अगाडि निर्माण भएको सडकको अवस्था जीर्ण बन्दै गएको छ, वर्षेनि सवारीको चाप बढ्दै छ, यसले वर्षेनि मृत्युदर बढिरहेको छ।’

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले समुदायस्तर तथा विद्यालयस्तरसम्म पुगेर ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको ट्राफिक प्रहरी निरीक्षक चापागाँईको भनाइ छ। सवारी दुर्घटनामा दुई पाङ्ग्रे सवारीको दुर्घटना धेरै हुने गरेको जनाइएको छ। सवारी दुर्घटनाकै कारण पछिल्लो तीन वर्षमा झापामा दुई सय ४० जनाले ज्यान गुमाएका छन्।

आर्थिक वर्ष २०७५/०७६मा तीन बालबालिका नौ जना महिलासहित ७३ जना पुरुष गरी ८५ जनाले ज्यान गुमाए भने आर्थिक वर्ष २०७६/०७७मा चार बालबालिका १० जना महिलासहित ४८ जना पुरुषले ज्यान गुमाएका छन्। त्यस्तै गत आर्थिक वर्ष २०७७/०७८ मा मात्रै ९३ जनाले सवारी दुर्घटनाकै कारण ज्यान गुमाउनुपरेको छ। गतआर्थिक वर्षमा छ जना बालबालिकासहित १२ जना महिला र ७५ जना पुरुषले दुर्घटनामा ज्यान गुमाएको ट्राफिक प्रहरीको तथ्यांकमा उल्लेख छ।

झापामा चालू आर्थिक वर्षको आठ महिनामा मात्रै ८२ जनाले सवारी दुर्घटनाकै कारण ज्यान गुमाइसकेका छन्। चार बालबालिकासहित १२ जना महिला र ६६ जना पुरुषले सवारी दुर्घटनाकै कारण ज्यान गुमाउनुपरेको हो।

चालू आर्थिक वर्ष २०७८/०७९मा भएका दुर्घटनामा एक सय ६९ जना गम्भीर घाइते भएका छन्। आठ महिनामा चार सय १२ वटा सवारी दुर्घटनामा परेका थिए। जसमध्ये सबैभन्दा धेरै

(बाँकी अन्तिम पृष्ठमा)

## सरकारी छाप किर्ते गर्ने १२ जना पक्राउ

**काठमाडौं, चैत २।** काठमाडौं महानगरपालिका-१२ त्रिपुरेश्वरस्थित राहदानी विभागमा किर्ते सरकारी छाप प्रयोग गरी छिटो पासपोर्ट बनाई दिने प्रलोभन देखाई ठगी गरेको अभियोगमा १२ जनालाई महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले मंगलबारसाँझ पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं गोंगबू मिलन टोल बस्ने रोल्पा माडी गाउँपालिका-१ घर भएका २९ वर्षीय अमृत थापा, सोही ठाउँ बस्ने रोल्पा माडी गाउँपालिका-४ घर भएका २४ वर्षीय प्रज्ज्वल खड्का, काठमाडौं सामाखुशी बस्ने बाग्लुङ, बाग्लुङ नगरपालिका-८ घर भएका ३० वर्षीय रञ्जित कार्की, काठमाडौं मनमैजु बालाजु बस्ने म्याग्दी बेनी नगरपालिका-५ घर भएका ३३ वर्षीय रामजी परियार, काठमाडौं गोंगबू नयाँ बसपार्क बस्ने ललितपुर महांकाल घर भएकी ३६ वर्षीया गोमा बजगाँई रहेका छन्।

त्यस्तै काठमाडौं गोंगबू मिलन टोल बस्ने पाल्पा पूर्व खोला गाउँपालिका-५ घर भएका ३३ वर्षीय जीवनकुमार श्रेष्ठ, काठमाडौं गौशाला बस्ने रामेछाप गागल गाउँपालिका-८ घर भएका ३७ वर्षीय मिठे मगर, ललितपुर महाकाल गाउँपालिका-२ घर भएका रमेश बजगाई, काठमाडौं माछापोखरी बस्ने काभ्रेपलाञ्चोक कटुञ्जेबेशी गाउँपालिका-४ घर भएका २५ वर्षीय सन्दीप मैनाली, काठमाडौं धुम्बाराही पिपलबोट बस्ने सिन्धुली

(बाँकी अन्तिम पृष्ठमा)

## वेकरी उद्योग र मिठाई पसललाई सरसफाइमा ध्यान दिन सुझाव



**झापा, चैत २।** जिल्ला प्रशासन कार्यालय झापाले गरेको अनुगमनका क्रममा बेकरी उद्योग तथा मिठाई पसलमा सरसफाइमा ध्यान दिनुपर्ने देखिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेको संयोजकत्वमा गरिएको अनुगमनको क्रममा सरसफाईमा ध्यान दिनुपर्ने, आफूले उत्पादन गरेका वस्तुमा लेबलिङ गर्नुपर्ने, खाद्यमा दर्ता भएको नम्बर राखिनुपर्ने र लेबलिङ गर्दा नम्बरसहितको स्टीकर भित्रबाट राखिनुपर्ने व्यवसायीहरुलाई सुझाव समेत दिइएको छ।

केही खाद्य पसलमा डिजिटल काँटाको नवीकरण नगरिएको र प्याकेजिङका लागि उद्योगमा दर्ता गर्नुपर्ने सुझाव दिँदै अनुगमन टोली फर्किएको छ। बुधबार अनुगमन टोलीले बिर्तामोडस्थित गणपति बेकरी, राधा ट्रेडिङ, किनमेल डिपार्टमेन्ट स्टोर्स र संगम स्वीटस्को अनुगमन गरेको थियो।

अनुगमनका क्रममा गणपति बेकरीमा सबै चिज राम्रो भेटिए पनि सरसफाइमा अझ बढी ध्यान दिनुपर्ने सुझाव दिइएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए। उनले भने- गणपतिमा सबै राम्रो भेटियो तर त्यहाँ उत्पादित वस्तुमा लेबलिङ गरिए पनि बाहिरबाट नभई भित्रबाट खाद्यमा दर्ता भएको नम्बरसहितको स्टिकर राख्नुपर्ने सुझाव दिएका छौं।

राधा ट्रेडिङमा स्टकका रुपमा रहेका पेय पदार्थ र बिस्कुटलाई पुरानो म्यादको आधारमा सेल गर्न भनेका छौं- सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले भने। किनमेलमा काँटालाई नवीकरण गर्नुपर्ने र प्याकेजिङका लागि उद्योगमा दर्ता गरिनुपर्ने सुझाव दिइएको छ। त्यस्तै संगम स्वीटस्लाई किचनको सरसफाईमा ध्यान दिन आग्रह गरिएको र काँटा नवीकरण गर्न सुझाव दिइएको न्योपानेले बताए।

अनुगमनका क्रममा सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेसहित घरेलु कार्यालयका विनोद न्यौपाने, आन्तरिक राजश्व कार्यालयका टंक पोखरेल, गुणस्तर नापतौल कार्यालयका अमित कर्ण, बिर्तामोड नगरपालिकाका पदमराज घिमिरे, राष्ट्रिय उपभोक्ता हित मञ्चबाट मदनगोपाल सुब्बा, बिर्तामोड उद्योग वाणिज्य संघबाट जीवनकुमार खड्कालगायत सहभागी थिए।

## भारतीय माछा दिनहुँ भित्रिँदै



**बिर्तामोड, चैत २।** झापामा भारतबाट अवैध रुपमा माछा भित्रिने गरेको पाइएको छ।

झापामा प्रशस्त माछा उत्पादन हुने गरे पनि भन्सार छलेर अवैध रुपमा भारतबाट दिनहुँ जसो झापाका विभिन्न नाकाबाट माछा भित्रिने गरेको पाइएको हो।

विशेष गरी काँकरभिट्टा, भद्रपुर, टाघनडुब्बा, सतीगट्टा, गौरीगञ्जलगायतका नाका हुँदै भारतबाट अवैधरुपमा माछा भित्रिने गरेको छ। पछिल्लो समय भारतबाट नेपाल भित्र्याइएको माछा सशस्त्र प्रहरी वेस शनिश्चरेले बरामद गर्दै नष्ट गरेको छ। बिर्तामोड-१ मेघावारीबाट सशस्त्र प्रहरीले अवैध रुपमा ल्याइएको माछा बरामद गर्दै नष्ट गरेको हो।

नेपाल भित्रिने माछा प्लान्ट क्वारेन्टाइनमा परीक्षणपछि मात्र भित्र्याउनुपर्ने प्रावधान छ। भित्र्याइएको माछा खानयोग्य भए नभएको प्रमाणपछि मात्र बिक्री वितरण गरिनुपर्ने भए पनि झोले व्यापारीले खुलेआम रुपमा माछा भित्र्याउँदै आएका छन्।

कतिपय माछा व्यवसायीले अवैधरुपमा भित्रिने गरेको माछा रोक्न माग गर्दै आए पनि अधिकांश नाकाबाट खुलेआम रुपमा माछा भित्रिने गरेको छ।


अवैधरुपमा भित्रिएका माछाका कारण बजार समेत प्रभावित हुने गरेको माछा व्यवसायीहरुको भनाइ छ। भन्सार गरेर ल्याइएको माछा महंगो मूल्यमा बेच्नुपर्ने हाम्रो बाध्यता छ- बिर्तामोडका माछा व्यवसायी संघमा आबद्ध एक व्यवसायी भन्छन्- परीक्षण बिना र भन्सार नगरी ल्याइएको माछाले यहाँको बजार बिगारेको छ। यस्ता माछा रोक्न प्रशासन सक्रिय रुपमा लाग्नुपर्छ।

सशस्त्र प्रहरी बल वेसका अमरबहादुर भुजेलको नेतृत्वमा गएको सशस्त्र प्रहरीको टोलीले माछा बरामद गरेको र पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, प्रहरी, स्थानीय जनप्रतिनिधि, पत्रकारको रोहवरमा नष्ट गरिएको थियो।

## अस्वस्थ खानाले हृदयघात

**काठमाडौँ, चैत २।** मानिसको जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयघातका बिरामी बढिरहेका छन्। अस्वस्थ खानपान र जीवनशैलीमा आएको परिवर्तन रोगका कारक मानिएका छन्। दश वर्षको तथ्याङ्क हेर्ने हो भने हृदयघात हुनेको संख्यामा दोब्बर वृद्धि भएको छ।

निष्क्रिय जीवनशैली, चिन्ता, युवावस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो- बोसो खानाले हृदयघातका बिरामी बढिरहेको शहीद गङ्गालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारीले बताए। घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन्। केन्द्रमा सन् २०१२मा ४९५ जनामा हृदयघात भएकामा ६ वर्षपछि २०१८मा तीन गुणा



बढेर एक हजार ४६० जना पीडित भएका थिए। उनका अनुसार २०२० मा एक हजार ६९८ र सन् २०२१मा दुई हजार २७३ जना सो रोगका कारण अस्पतालमा भर्ना भएका छन्।

डा. अधिकारीले २०२१ मा अस्पताल भर्ना भएका बिरामीमध्ये प्रायः हृदयघात भएका हुन्। हृदयघातका बिरामी बढे पनि सन् २०२०मा कोरोना भाइरसका कारणले अस्पतालमा मुटु रोगका कम बिरामी आएका थिए। विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने मुटु रोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयघात भएका बिरामी मात्र नै छन्- उनले भने- नेपालमा हृदयाघातका विरामी दिनप्रतिदिन बढिरहेको गङ्गालालमा आएका बिरामीबाट नै थाहा हुन्छ।

उनका अनुसार अस्पतालमा दैनिक चार जना हृदयघातका विरामी आउने गरेका छन्। वरिष्ठ मुटु रोग विशेषज्ञ डा. भगवान् कोइराला पनि अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले

(बाँकी अन्तिम पृष्ठमा)

नशा तथा हाडजोर्नी लगायत समस्याको सफल उपचार

हाडजोर्नी ,नशाको सफल उपचार साथै ग्याष्ट्रिक, कब्जियत, महिलाको सेतो पानी जाने, पिनास, माइग्रेन, आदिको अब थेरापीद्वारा उपचार बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

यहाँ इलेक्ट्रो थेरापी, म्यानुअल थेरापी, म्यानिपुलेसन थेरापी, एक्सरसाइज थेरापी, आयुर्वेद, कपिङ्ग थेरापी, लेजर थेरापी, पञ्चकर्म, अकुपञ्चर, मसाज थेरापी विधिद्वारा नशा च्यापिएको, कम्मर-गर्दन-घुँडा-जोर्नी दुख्ने, शरीर झम्झमाउने, लाटो हुने, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, युरिक एसिड, बाथ, प्यारालाइसिस (शरीरको वा दुबै भाग नचल्ने), मुख बाङ्गिएको, कुम जाम भएको, सर्जरी पश्चात् चाहिने रिह्याब, स्पोर्ट्स इन्जुरी साथै पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, दम, खोकी, थाइराइड, जन्डिस, प्रोस्टेट, पिसाब पोल्ने, मृगौलाको पत्थरी, छाला सम्बन्धी समस्या, माइग्रेन, अनिन्द्रा, तनाव, महिला पुरुषका यौन समस्या, निमोनिया आदिको आयुर्वेदिक औषधिबाट सर्वसुलभ तरिकाले उपचार गरिन्छ।

बिशेष उपचार पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा व्यवस्थित तरिकाले अनुभवी दुई जना डा.बाट दैनिक अपरेशन समेत गरिन्छ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

अष्टाङ्ग आयुर्वेद फार्मेसी

अन्धुवा खोला पुल पश्चिम, ठूलो सिसा भएको घर, हाइवे दक्षिण, बिर्तामोड झापा-राजगढ स्टेण्डबाट ५० मिटर दक्षिण (फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६)

नोटः अफिस, सटीङ्ग, सुटीङ्ग, टेलरिङ्ग आदिको लागि उपयुक्त फ्ल्याट भाडामा छ। फोन नं. ९८०६०३४४२६

तक्षशिलाको १५औं बार्षिकोत्सव तथा होलीमिलन

# बिर्तामोडमै विश्वस्तरीय शिक्षा न्यून शुल्कमा

**बिर्तामोड, चैत २।** झापाको बिर्तामोड-६ घण्टीबारीस्थित तक्षशिला एजुकेशन फाउण्डेशन (सनसाइन किण्डर हाउस) को १५औं बार्षिकोत्सव तथा होलीमिलन कार्यक्रम सम्पन्न भएको छ ।

विश्वस्तरीय शिक्षा प्रदान गर्ने उद्घोषका साथ स्थापना भएको उक्त विद्यालयले बुधबार कोभिड-१९को सुरक्षा मापदण्डलाई ध्यानमा राख्दै जिल्लाका प्रतिष्ठित व्यक्तित्व तथा अभिभावकलाई उपस्थित गराएर कार्यक्रम सम्पन्न गरेको हो । विद्यार्थीकै अगुवाईमा विद्यालयले सांस्कृतिक कार्यक्रमसहित बार्षिकोत्सव र होलीमिलन कार्यक्रम गरेको हो ।

बिद्यालयका प्रिन्सिपल रोहित ढुंगेलले घरेलु तथा शान्त वातावरणमा आवश्यक प्राविधिक ज्ञानसहित बिद्यार्थीको चाहना अनुसारको गुणस्तरीय शिक्षा बिद्यालयमा दिइँदै आएको बताए । विद्यालयमा अत्याधुनिक, सुविधासम्पन्न ल्याबहरु रहेकाले प्रविधिमैत्री शिक्षा विद्यार्थीले तक्षशिलामा प्राप्त गर्ने उनले बताए ।

तक्षशिलाले विद्यार्थीको स्वास्थ्यलाई प्रमुख प्राथमिकता दिएको छ । विद्यालयमा जङ्क फुड पूर्णरुपमा निषेध गरिएको विद्यालयले जनाएको छ ।

विद्यार्थीलाई सिक्ने वातावरण सृजना गरी खेल्दै र रमाउँदै तालिम प्राप्त दक्ष शिक्षकहरुले सिकाउने वातावरण बनाएको बताइएको छ । विद्यालयले विश्वस्तरको गुणस्तरीय शिक्षा प्रदान गर्ने बताउँदै ढुंगेलले अध्ययनका लागि काठमाडौं,



भारत र अन्य देशमा जानु नपर्ने बताए । उनका अनुसार तक्षशिलाको विश्वस्तरीय शिक्षाकै कारण भारत र झापा बाहिर पढ्दै आएका कतिपय बिद्यार्थी अहिले यस विद्यालयमा आएका छन् ।

त्यस्तै विद्यालय व्यवस्थापन समितिकी संस्थापक अध्यक्ष पूजा गिरीले बिद्यालयले कक्षा १०सम्मको स्वीकृति लिइसकेको बताउँदै हाल कक्षा ८सम्म अध्यापन भइरहेको जानकारी दिइन् । हरेक बर्ष कक्षा 'अपग्रेड' गरी १२ कक्षासम्मको पठनपाठन गराइने बताउँदै उनले कक्षा-८ सम्मको अध्यापन भइरहेको बिद्यालयमा तीन सय ५० जना बिद्यार्थी अध्ययनरत् रहेको बताइन् । यसवर्षबाट कक्षा ९ को समेत पठनपाठन शुरु हुनेछ ।

विद्यालयकी क्याप्टेन कक्षा ७की विद्यार्थी निजरा मेचेले स्वागत गरेको कार्यक्रममा बिद्यालयका निर्देशकहरु मनिष गिरी, अंकित गिरी, श्रद्धा गिरी बोहोरासहित अभिभावक, विद्यार्थी, शिक्षा क्षेत्रका विशिष्ठ व्यक्तित्वहरुलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यार्थीले विविधविधामा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

फागु अर्थात् होली पर्वको महत्वबारे कक्षा ७की विद्यार्थी प्राची अधिकारीले प्रकाश पारेको कार्यक्रम कक्षा ६की विद्यार्थी रियाना श्रेष्ठले सञ्चालन गरेकी थिइन् । विद्यालयका अनुसार विद्यालयमा हरेक विद्यार्थीको जन्मोत्सव मनाइने गरेको छ । राष्ट्रिय तथा स्थानीय पर्वहरु बिद्यालयमै शिक्षक बिद्यार्थीले सामुहिक रुपमा मनाएर मौलिकतालाई महत्व दिँदै आएका छन् ।

त्यस्तै सबै जाति र धर्मावलम्बीको पर्व समेत मनाइने गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु समेत विद्यालयमा मनाउने र त्यस दिवसका बारे विद्यार्थीलाई बोल्न लगाइने गरेको छ । जसले गर्दा पर्व दिवस बारे विद्यार्थीलाई ज्ञान हुनुका साथै वक्तृत्वकला र नेतृत्व क्षमताको समेत विकास हुने बताइन्छ ।

दुई विगाह क्षेत्रफलमा २० करोड रुपैयाँभन्दा बढीको लागतमा स्थापना भएको बिद्यालयमा बिद्यार्थीहरुका लागि ओलम्पिक मिनी स्वीमिङ पुल, फुटबल ग्राउण्ड, बास्केटबल ग्राउण्ड, साइन्स ल्याव, कम्प्युटर ल्याब, आर्ट रुम, बिद्यार्थी अस्वस्थ हुँदा आराम गर्ने कोठा, बालमैत्री शौचालय सञ्चालनमा रहेको विद्यालयका संस्थापक सञ्चालन तथा निर्देशक दीपक गिरीले बताए ।

विद्यालयमा सार्वजनिक पुस्तकालय सञ्चालनमा रहेको र उक्त पुस्तकालय अन्य विद्यालयका बिद्यार्थीहरुका लागि समेत खुल्ला गर्ने निर्णय गरिएको उनले बताए ।

११ कट्ठा जग्गामा रहेको सनसाइन किण्डर हाउसमा प्ले ग्रुपदेखि यूकेजीसम्मको पठन-पाठन हुँदै आएको छ भने तक्षशिला एजुकेशन फाउण्डेशनमा कक्षा १देखि माथिल्लो कक्षासम्मको पठनपाठन हुँदै आएको छ । हरेक कोठामा २५ जनाभन्दा कम विद्यार्थी राखेर पठन-पाठन गराइँदै आएको बताइएको छ । हरेक बिद्यार्थीका लागि छुट्टाछुट्टै कुर्सी र टेवलको स्मार्ट व्यवस्थापन गरिएको छ । अन्यत्र भन्दा न्यून शुल्कमा विश्वस्तरीय शिक्षा प्रदान गरिँदै आएको विद्यालयको दावी छ ।

प्रिन्सिपल ढुंगेलका अनुसार बिद्यार्थीको ज्ञान, सिप, क्षमता र व्यवहार अनुसार शिक्षण सिकाइ गराइँदै आएको छ । शैक्षिक गुणस्तर र विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन वर्षमा ६ पटक शिक्षक अभिभावक वैठक हुने र आवश्यकता अनुसार हरेक अभिभावकसंग छुट्टाछुट्टै वैठक पनि गरिँदै आएको छ । पढाइका लागि तक्षशिला नै किन रोज्ने भन्ने जिज्ञासा हुनेका लागि विद्यालयका संस्थापक तथा शिक्षकहरुको एउटै भनाइ छ- एकपटक तक्षशिलाको सबै पक्ष अवलोकन गर्न आउनुहोस्, त्यसपछि आफैं थाह पाउनुहुनेछ र उचित निर्णय लिनुहुनेछ ।

## पेट्रोलको खरिद मूल्य प्रतिलिटर १८२.८१

**काठमाडौं, चैत २।** इण्डियन आयल कर्पोरेशन (आइओसी) ले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको छ ।

आइओसीबाट बुधबार प्राप्त नयाँ मूल्यमा विभिन्न शीर्षकका कर थपिँदा पेट्रोलियम पदार्थको खरिद मूल्य अहिलेसम्मकै उच्च अवस्थामा पुगेको निगमले जनाएको छ । आइओसीबाट प्राप्त मूल्यमा सरकारले लगाएको कर थपिँदा पेट्रोलको खरिद मूल्य प्रतिलिटर १८२ रुपैयाँ ८१ पैसा, डिजेल प्रतिलिटर १६९ रुपैयाँ ४४ पैसा, मट्टितेल प्रतिलिटर ११३ रुपैयाँ ४९ पैसा, हवाई इन्धन (आन्तरिक) प्रतिलिटर १३१ रुपैयाँ ९४ पैसा, हवाई इन्धन (अन्तर्राष्ट्रिय) प्रतिलिटर ११४ रुपैयाँ ५१ पैसा र एलपी ग्यास प्रतिसिलिण्डर दुई हजार २४० रुपैयाँ ३४ पैसा पुगेको निगमले जनाएको छ ।

पेट्रोलियम पदार्थको बिक्रीबाट चैत महिनामा मात्रै रु. १० अर्ब ६१ करोड नोक्सानी हुने निगमको प्रक्षेपण छ ।

आइओसीबाट बुधवार प्राप्त मूल्यमा कर थपिँदा पेट्रोलमा प्रतिलिटर ३२ रुपैयाँ ८१ पैसा, डिजेलमा ३६ रुपैयाँ ४४ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६६५ रुपैयाँ ३४ पैसा घाटा रहेको निगमको भनाइ छ । मट्टीतेलमा प्रतिलिटर १९ रुपैयाँ ५१ पैसा, हवाई इन्धन (आन्तरिक)मा चार रुपैयाँ छ पैसा र हवाई इन्धन (अन्तर्राष्ट्रिय)मा प्रतिलिटर ४३ रुपैयाँ ८४ पैसा नाफा रहेको निगमले जनाएको छ ।

## अस्वस्थ ...

गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयघात हुने गरेको बताउँछन् । धूमपान, मधुमेह र उच्च रक्तचाप भएका मानिसको मुटुको नली र अन्य नली बाक्लो हुँदै हृदयघातले आक्रमण गर्छ ।

यस्तै कोलेस्टेरोल (मुटुमा हुने बोसो), शारीरिक अभ्यासको कमी पेट बढ्ने, पसिना ननिकाल्ने, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द हुने गर्छ- उनले भने- स्वस्थ्य जीवनशैली अपनाउने, खाना धेरै नखाने, स्वच्छ खाने, शारीरिक अभ्यास गर्ने, चुरोट नखाने, नियमित व्यायाम गर्न सके हृदयघातबाट बच्न सकिन्छ । उनका अनुसार मुटु जन्मजात बिग्रेर आउने, बिग्रेर आउनेबाट बचेको, घाँटी दुख्ने रोगबाट शुरु भई पछि मुटुको भल्भ बिग्रने रोग (बाथज्वरजन्य रोग) जस्ता कारणले मुटुका बिरामी हुने गरेका छन् ।

**चुरोट सेवन**

चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्च रक्तचाप भएका मानिसमा हृदयघात बढी हुन्छ । तीमध्ये चुरोट पिउने मानिसमा हृदयघात हुने सम्भावना बढी हुने गरेको निर्देशक डा. अधिकारी बताउँछन् । अहिले युवावस्थामा नै चुरोट सेवन गरेको पाइन्छ । उनका अनुसार हृदयघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन् । तीमध्ये ४० बर्ष उमेर समूहका व्यक्ति धेरै छन् ।

डा. कोइराला पनि हृदयघात ६० वर्षमाथिकामा हुने गरे तापनि चुरोट खाने व्यक्तिमा भने ४० वर्षमुनि पनि हुने गरेको बताउँछन् । चुरोट सेवन गर्नाले युवावस्थामा नै हृदयघात हुने संख्या अत्यधिक बढदै गएको छ- उनले भने । ४० वर्षभन्दा कम उमेरको व्यक्तिले चुरोट सेवन गर्छ भने उसलाई हृदयघात हुने सम्भावना नखानेको तुलनामा आठ गुणाले बढी हुने डा. अधिकारीको भनाइ छ ।

**हृदयघात भएको १२ घण्टामा जीवन सम्भव**

केन्द्रका निर्देशक डा. अधिकारी हृदयघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउने सके बचाउन सकिने बताउँछन् । केन्द्रले हृदयघात भएका बिरामीलाई २४ घण्टा नै एन्जिओप्लाष्टी गरेर बचाउने गर्छ । केन्द्रले हृदयघात भएर आएको एक घण्टाभित्र बिरामीको एन्जिओप्लाक्ष्टी गर्ने उनी बताउँछन् ।

एउटा एन्जिओप्लास्टी गर्नका लागि रु. एक लाख ५० हजार खर्च लाग्छ । त्यति रकम तिर्न नसक्ने गरिब-असहायका लागि केन्द्रले दुई वर्षदेखि भने निःशुल्क एन्जिओप्लास्टी गर्ने गरेको छ । तीन प्रकारका हृदयघातमध्ये पनि नेपालमा सबैभन्दा धेरै स्टेमी हृदयघात हुन्छ जुन भएका मानिसलाई समयमा नै अस्पताल पुऱ्याउन सके बचाउन सकिन्छ । हृदयघात भएको मानिसका मुटुमा रगतको आपूर्ति बन्द भएपछि दुख्न थाल्छ । मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्छ । मुटु दुखिरहेका बेलामा नै अस्पतालमा बिरामी पुऱ्याउन सके बचाउन सकिन्छ- उनले भने- बिरामी आएको १२ घण्टामा मुटुको प्राइमरी एन्जिओप्लास्टी (मुटुको नशा खोल्ने प्रविधि) शल्यक्रिया गरी नसा खोलेर बचाउन सकिन्छ ।

नेस्टेमी हृदयघात भएका बिरामीलाई भने केही समयपछि मात्र उपचार गरिन्छ । त्यस्ता बिरामीलाई भर्ना गरे केही दिनपछि शल्यक्रिया गरेर बचाउन सकिन्छ । केन्द्रले प्राइमरी एन्जिओप्लास्टी गरेका बिरामीलाई चार-पाँच दिनमै अस्पतालबाट घर पठाउँछ । केन्द्रमा २४ घण्टा नै हृदयाघात भएका बिरामीको प्राइमरी एन्जिओप्लास्टी गर्नका लागि १५ जनशक्तिसहित चार अप्रेशन थिएटर (क्याथल्याब) तयारी अवस्थामा राखिएको हुन्छ । केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टी गरेर हृदयघात भएका बिरामीलाई बचाउने गरेको उनी बताउँछन् । केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टी हुँदै आएको छ ।

पहिलोपटक हृदयघात हुँदा १०० मध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुने गर्छ । हृदयघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमै मृत्यु हुने गरेको छ । नेपालमा केन्द्रबाहेक मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, नर्भिक इन्टरनेशनल अस्पताल तथा विराटनगर- धरान-बुटवल-नेपालगन्ज भरतपुरका अस्पतालमा पनि समेत एन्जिओप्लास्टी हुने गर्छ ।

## दुर्घटनाको ...

मोटरसाइकल दुर्घटना रहेको ट्राफिक प्रहरी निरीक्षक चापागाँईले बताए । सवारी दुर्घटना बढ्नुमा मुख्य कारण सडकको दुरावस्था र चालकको लापरवाही रहेको प्रहरीको भनाइ छ ।

**वर्षेनि थपिन्छन् सवारी चालक**

झापासहित पूर्वमा वर्षेनि धेरैले सवारी चालक अनुमित-पत्र लिने गरेको यातायात व्यवस्था कार्यालय झापाले जनाएको छ । आर्थिक वर्ष २०७६/०७७मा १४ हजार सात सय ८० जनाले सवारी चालक अनुमति-पत्र प्राप्त गरेका छन् ।

त्यस्तै आर्थिक वर्ष ०७७/०७८मा छ हजार छ सय ६८ जनाले सवारी चालक अनुमति-पत्र प्राप्त गरे भने चालू आर्थिक वर्ष २०७८/०७९को माघ मसान्तसम्म नौ हजार छ सय ५५ जनाले सवारी चालक अनुमति-पत्र प्राप्त गरिसकेको यातायात व्यवस्था कार्यालय झापाका प्रमुख हरि लामिछानेले जानकारी दिए । उनले सवारी चालक अनुमति पत्रका सबै मापदण्ड पूरा गरेपछि अनुमति प्राप्त गर्ने बताएका छन् । ट्राफिक प्रहरीले सवारी चालक अनुमति-पत्र (लाइसेन्स)मा कडाइ गरेसँगै सवारी चालक अनुमति-पत्र बनाउनेको संख्या बढेको हो ।

**सुरक्षा निकायसँग छलफल**

सवारी दुर्घटना न्यूनीकरणका लागि जिल्ला प्रशासन कार्यालय झापाले बुधबार सुरक्षा निकायका प्रमुखसँग छलफल गरेको छ । दुर्घटना न्यूनीकरणका लागि के गर्न सकिन्छ र कसरी सवारी दुर्घटना न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख विश्वमणि पोखरेलले बताए ।

प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको अध्यक्षतामा भएको बैठकमा सुरक्षा निकायका प्रमुखहरुले सवारी दुर्घटनाका लागि अपनाउन सकिने सावधानी तथा सम्भावनाका विषयमा प्रस्तावहरु पेश गरेको प्रहरी उपरीक्षक पोखरेलले बताए । उनले भने सवारी दुर्घटना न्यूनीकरण गर्नु हामी सबैको साझा दायित्व भएकाले सबैको सामुहिक प्रयास आवश्यक छ ।

**ट्राफिक भवन उद्घाटनको तयारीमा**

झापाको बिर्तामोड-५मा निर्माणाधीन अवस्थामा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको भवन निर्माण सम्पन्न भइसकेको छ । छ कट्ठा क्षेत्रफलमा फैलिएको ट्राफिक भवन सुविधासम्पन्न भवनको रुपमा रहेको प्रहरी उपरीक्षक पोखरेलले बताए ।

प्रहरी निरीक्षकको क्वाटर, ट्राफिक प्रहरीका ब्यारेक, मेस भवन, शौचालयसहितको सुविधासम्पन्न भवन निर्माणको अन्तिम चरणमा पुगेको हो । लामो समय जीर्ण भवनमा ट्राफिक प्रहरी बस्न बाध्य थिए । स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, विभिन्न राजनीतिक दल, व्यवसायी, सामाजिक संघ-संस्था, सबैको सहयोगमा भवन निर्माण अन्तिम चरणमा पुगेको ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

**ट्राफिक नियम मान्दैनन् धेरैले**

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि शिक्षितले नै नियम उल्लंघन गर्ने गरेको पाइएको छ ।

ट्राफिक प्रहरीको आँखा छलेर सवारी हुइँक्याउदा सवारी दुर्घटना हुने गरेको छ । तीब्र गतिका कारण कतिपय भएका सवारी दुर्घटनामा घटनास्थलमै मृत्यु हुने अवस्था पनि भयावह बन्दै गएको छ ।

ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन गर्नेलाई कारबाही तीब्र बनाएसंगै गत आर्थिक वर्ष २०७७/०७८मा ५३ हजार एक वटा सवारीलाई कारबाही गर्दा तीन करोड ६९ लाख ५३ हजार पाँच सय रुपैयाँ राजश्व संकलन गर्न सफल भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

त्यस्तै चालू आर्थिक वर्षको आठ महिनामा ३० हजार एक सय सवारीलाई कारबाहीको दायरामा ल्याइएको प्रहरी निरीक्षक चापागाँईले जानकारी दिए । ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन गर्नेहरुबाट हालसम्म दुई करोड ११ लाख ५० हजार राजश्व संकलन गरिसकेको छ । मादक पदार्थ सेवन गर्नेहरुको संख्या बढ्दै जाँदा सवारी दुर्घटना पनि बढेको प्रहरीको भनाइ छ ।

## सरकारी ...

दुधौली नगरपालिका-६ घर भएका २१ वर्षीय अभिषेक मगर, काठमाडौं सिनामंगल बस्ने दैलेख आठबीस नगरपालिका-३ घर भएका २२ वर्षीय निरञ्जन तिवारी र काठमाडौं कलंकी बस्ने धादिङ थाक्रे गाउँपालिका-४ घर भएका २४ वर्षीय मदन तामाङ रहेका छन् । प्रहरीले उनीहरूका साथबाट किर्ते गरिएका विभिन्न सरकारी कागजातहरू चार थान, मोबाइल १४ थान तथा विभिन्न सरकारी एवम् निजी छाप २० थान समेत बरामद गरेको छ । उनीहरू उपर किर्ते गर्न नहुने कसूर मुद्दामा महानगरीय प्रहरी वृत्त कालीमाटीबाट थप अनुसन्धान भइरहेको छ ।


# आवश्यकता

**लेडीज वेटर : ३ जना**
**चाइनिज कुक : १ जना**
**सम्पर्क :**
**९८४४६३५१६३**
**९८१४९८८५०६**

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
१ नं. प्रदेश, नेपाल

# आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति २०७८/१२/०३**

**यस गाउँपालिकाद्वारा मिति २०७८/१०/१९ मा प्रकाशित तपशिल बमोजिमको बोलपत्र आव्हान सूचना अनुसार म्यादभित्र E–BIDको माध्यमबाट दर्ताहुन आएका बोलपत्रमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरु प्राविधिक शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७८/१२/१० गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को ऊपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र स | ठेक्काको बिबरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| १ | 20/Chulachuli/078/79 Construction of Cross Drainage Structure and Black Top Road of ChulachuliMarga on Chapeti and Shikar Kateri Area chulachuli-5, ilam | श्री सतासी निर्माण सेवा,शिवसतासी-८ झापा<br>श्री खनाल/प्रविन जे भि दमक-०५, झापा<br>श्री देबिडांडा/एम डि ब्रो जे भि ईलाम-०७, ईलाम |
| २ | 21/Chulachuli/078/79Construction of Cross Drainage Structure and Black Top Road of ChulachuliMarga from Sangam Chowk onwards chulachuli-6, ilam | श्री वलर्डवाईड-बिज्ञान जेभि, कमल-३, झापा<br>श्री खनाल-प्रविन जे भि दमक-०५, झापा<br>श्री आशिर्वाद-माईभगवती-देबिडांडा जे भि ईलाम-०७, ईलाम |
| ३ | 22/Chulachuli/078/79Construction of Cross Drainage Structure and Black Top Road of ChulachuliMarga from Yalambar Chowk onwards chulachuli-3, ilam | श्री सतासी निर्माण सेवा शिवसतासी-८,झापा<br>श्री खनाल/प्रविन जे भि दमक-०५, झापा<br>श्री वलर्डवाईड-बिज्ञान जेभि, कमल-३, झापा |

**प्रमुख प्रशासकीय अधिकृत**

# डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाइटर जस्ता प्रज्ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं ।
- वन जंगलमा धुम्रपान नगरौं ।
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**श्री भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट बुद्धशान्ति-३ बस्ने इन्द्रबहादुर खड्काको शेषपछिको हकदारको नाममा जारी गरिएको**

# नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला झापा बुद्धशान्ति-३ बस्ने उत्तम खड्का र उदयराज खड्काले हाम्रो हजुरबुबा इन्द्रबहादुर खड्काको मृत्यु भएको, निजको श्रीमती हाम्रो हजुरआमा पवित्रा खड्काको समेत मृत्यु भइसकेको, निजहरुबाट जायजन्म भएको एक मात्र छोरा हाम्रो बुबा सहदेव सिंह खड्काको समेत मृत्यु भएको निजको एक मात्र पत्नी हाम्रो आमा रुपा खड्काको समेत मृत्यु भइसकेको र निज मृतक ज.ध. इन्द्रबहादुर खड्का जिवित रहँदा पालन-पोषण, हेरचाह, औषधि-उपचार तथा मृत्यु पश्चात काजकिरिया समेत हामी निवेदकहरुले नै गरेको हुँदा मृतक ज.ध. इन्द्रबहादुर खड्काको नाममा दर्ता रहेको बुधवारे-९ को कि.नं. ५४९को ज.वि. ०-९-१० जग्गा हामी उत्तम खड्का र उदयराज खड्काको नाममा संयुक्त नामसारी गरी गाउँ भनी बुद्धशान्ति-३को च.नं. २८६० मिति २०७८।११।१० को सिफारिससहित यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मृतक इन्द्रबहादुर खड्काको शेषपछिको हकदारमा निवेदक उत्तम खड्का र उदयराज खड्का बाहेक अरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदावीको निवेदन पेश गर्नुहोला अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वत २०७८ साल चैत २ गते रोज ०४ शुभम् ।

# छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने सम्बन्धी सूचना

झापाली समाज यू.एस.ए, झापा विकास मञ्च काठमाडौ र झापा जिल्ला सहकारी संघ लि.ले विपन्न तथा जेहेन्दार ३ जना विद्यार्थी कक्षा ३ देखि ७ सम्मकालाई आ.व. ०७९ साल देखि लागू हुने गरी छात्रवृत्ति उपलब्ध गराउने भएकोले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकले तपशिलका कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको ७ दिन भित्रमा कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.को केन्द्रीय कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिन्छ ।

**तपशिल :**

१. अघिल्लो वर्षको लब्धांक-पत्रको प्रतिलिपि ।
२. अध्ययनरत विद्यालयको निर्णय सहितको सिफरिस पत्र ।
३. स्थानिय पालिका वा वडा कार्यालयको सिफारिस पत्र ।

**कुमार याक्सो : प्रमुख कार्यकारी अधिकृत**
**कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.**
**विर्तामोड न.पा ४ झापा (सम्पर्क नं. ०२३५३१५२७, ५३४३८१)**

# मोहनमाया माध्यमिक विद्यालयको सिलबन्दी कोटेशन सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७८/१२/०३

मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड नगरपालिका-०२, झापाको लागि EVENTProject II (EVENT परियोजना दोस्रो) को प्राप्त अनुदानबाट ICT कार्यक्रम अन्तर्गत निम्न बमोजिम कोटेशन आव्हान गरिएको छ । यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी दर्ता प्रमाण पत्र प्रतिलिपि, कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि समेत संलग्न गरी निवेदन साथ सिलबन्दी कोटेशन पेश गर्नुपर्नेछ । प्राप्त सिलबन्दी कोटेशन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा सुरक्षित रहनेछ । आवश्यक सरसामानको विस्तृत स्पेशिफिकेसन विद्यालयको वेवसाइट mohanmaya.edu.np मा हेर्न सकिनेछ ।

**थप जानकारीको लागि मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड-०२मा सम्पर्क राख्न सकिने छ ।**

| S.N. | Items |
|---|---|
| 1 | Interactive Board 72 inch |
| 2 | Desktop I5 |
| 3 | Laptop I5 |
| 4 | Eyeris Kit |
| 5 | CCTV |
| 6 | Projector |

**शेरबहादुर श्रेष्ठः प्रधानाध्याक**
**सम्पर्कः ०२३-५४३६५२, ९८०३४७०१६०,९८४२६८४३५१,९८२४०२९६२८**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# संसद निरर्थक नहोस्

**सरकारले संघीय संसदको हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्री परिषद्को बैठकले अधिवेशन अन्त्यको निर्णय गर्दै राष्ट्रपति समक्ष सिफारिस गरेको छ । संसद अधिवेशन शुरु र अन्त्य सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने सवैधानिक व्यवस्था अनुसार सिफारिस राष्ट्रपति समक्ष पठाउनुपर्छ । चालू अधिवेशनले जनताका दैन्दिनी, जनताका समस्या, सामयिक सन्दर्भ र समस्याका बारेमा विमर्श नै नगरेका कारण संसद निरर्थक बन्न पुगेको छ । त्यसमाथि अधिवेशन डाक्ने, अवरोध गर्ने, स्थगित गर्ने नियमितताले प्रयोजनविहीन संसदको औचित्यमै सवाल उठ्न थालेको छ । चालू अधिवेशनले बाधा विरोधका बीच एमसीसी पारित गर्नु बाहेक कुनै अर्थपूर्ण औचित्य सावित गर्न सकेको छैन । संसदको पछिल्लो बैठकमा प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जवराविरुद्ध अविश्वास प्रस्ताव दर्ता गर्नु बाहेक कुनै काम गर्न नसकेको संसद स्थगित गर्नुको विकल्प पनि थिएन ।**

**संसदमा यसअघि प्रस्तुत गरिएका धेरै कानून संसदमा अड्किएका छन् । जसका कारण मुलुकलाई गतिवान बनाउने संयन्त्र निष्क्रिय भएका छन् । तत्कालीन केपी ओली नेतृत्वको सरकार नै अध्यादेशबाट चल्दै आएको थियो । इतिहासमै सबैभन्दा बलियो र स्थिर भनिएको दुईतिहाईको सरकारले नै उचित निकास नदिएका कतिपय विषय आज पनि जहाँको तहीं छन् । सरकारले कि भएको कानूनी व्यवस्था अनुसार दैनिकी र जनताका समस्याहरुको समाधान निरन्तर गर्दै जानुपर्छ अथवा संसदमा व्यापक बहस र छलफल गरेर आवश्यकताहरु पूरा गर्दै जानुपर्छ । तत्कालीन प्रधानमन्त्री ओलीले पटक–पटक विघटन गरेको संसदलाई सर्वोच्चले पुनर्जीवन त दियो तर संसदलाई काम दिने वातावरण बनाउन सकिएन । यही अवस्था आज पनि कायम छ,  आमनागरिकको जीवन र दैनिकीसँग सम्बन्धित विषय राष्ट्रिय बहसका विषय बन्न सकेको छैन ।**

**संसदलाई प्रतिपक्षको थलो भनिन्छ । प्रतिपक्षले सरकारले सम्बोधन गर्न नसकेका वा छुटेका विषयहरु संसदमा प्रस्तुत गरेर नागरिकको प्रतिनिधिको हैसियतले बहस गराउनुपर्छ । नागरिकको चाहना अनुकूलको यात्रा नगर्ने सरकारलाई जनताका मुद्दामार्फत दवाव सृजना गुर्नपर्दछ । तर, प्रमुख प्रतिपक्षी दल आफैं सभामुखसँगको द्वन्द्व संसदमा प्रकट गरिरहेको छ । संसदीय अभ्यास र प्रणाली विपरीत आन्तरिक कलहको छिनोफानो सार्वभौम जनताको थलो संसद अवरोध गरेर गर्न खोजिरहेको छ । प्रतिपक्षी दलको यो व्यवहार जिम्मेवारपूर्ण छैन र संसदीय प्रणाली अनुरुप पनि छैन । सर्वोच्चमा विचाराधीन विषयमा विवाद खडा गरेर संसद अवरुद्ध गर्नु र जनताको पसिनाबाट आर्जित राज्यकोषबाट भत्ता खाएर नीति र नैतिकताविरुद्धको व्यवहार गर्नु नसुहाउने कुरा हो । यस्तोमा औचित्यहीन संसद स्थगित गर्नु नै देश र जनताको पक्षमा हुनसक्छ ।**

# रंगीन पर्व फागू महोत्सव



**कृष्णप्रसाद ढकाल**

नेपालीहरुका महत्वपूर्ण चाडपर्वहरु मध्ये रमाइलो र रङ्गीन पर्व फागु महोत्सवको तर्फबाट सम्पूर्ण आदरणीय पाठक मित्रहरुमा हार्दिक मङ्गलमय शुभकामना !

फागु, होली, फगुवा, फागु पूर्णे लगायतका बिभिन्न नामबाट यस पर्वबारे परिचय लिनसकिन्छ। जसरी सम्बोधन गरिए पनि परापूर्वकालदेखि मनाउँदै आएको यो रङ्गीन पर्वले जाडोको समयमा चिसोले कठ्यांग्रिएको शरीरलाई न्यानो पार्दै, बसन्त ऋतु आगमनको स्वागततर्फ उन्मुख गराउँछ। जतातत ढकमक्क फूल फुलाउँछ, वरिपरिको वातावरण स्वच्छ हरियाली र मनमोहक गराउँछ, बर्ष दिनपछि आएको 'होलीपर्व'ले हामीबीचमा एकअर्कालाई मस्ती र रमाइलोको शिलशिलाबाट जोड्छ र हर्षित गराउँछ।

दिपावलीमा देउसी लगायतको रमाइलो भैँ फागु महोत्सवमा घर-घरैबाट व्यक्तिलाई बाहिर आँगनमा निकालेर बाल्टीका बाल्टी रङ्गपानी खन्याउँदै, सारा शरीर भिजाउँदै खेलिएको होलीको रमाइलोपन यो पंक्तिकारले पनि बाल्यकालमा खुब देखेको थियो। त्यो मनोरञ्जनात्मक शैली मेरो मानसपटलमा अहिले पनि ताजा छ। त्यसबेला निकै चहलपहल भएका शहरहरुमध्ये मुख्यरुपमा झापाका भद्रपुर र शनिश्चरेमा अनि भक्तपुर र काठमाडौंमा भिषण रुपले फगुवा खेलिन्थ्यो। केही बर्षअघिसम्म पनि काम बिशेषले सडकमा हिँड्दै गरेका अपरिचित वा महिलाहरुलाई जिउमै पर्नेगरी जबरजस्ती अबीर, लोला हान्ने, फ्याक्ने गरिएको भए पनि आजकाल खेल्न नचाहने बटुवाहरुलाई रङ्ग हाल्न कानूनी रुपबाटै बन्देज गरिएको छ।

फागु महोत्सवमा प्रयोग गरिने रङ्गहरु जथाभावीका नभएर विशेष महत्वका छन्। जस अनुसार शान्तिको द्योतक नीलो रंग, जसले मानवताको धैर्यतालाई दर्शाउँछ, पहेँलो रंग भगवान श्रीकृष्णको प्रिय भएकाले विशेष महत्वको मानिन्छ। सौभाग्यको सूचक ठहरिएको रातो रङ्गको प्रयोग अन्य रङ्गको तुलनामा आजकाल अलिक व्यापक छ। उपत्यका लगायतका पहाडी जिल्लाहरुमा अघिल्लो दिन अनि तराईमा भोलिपल्ट मनाउने गरिएकाले त्यसरी नै सार्वजनिक विदाको पनि व्यवस्था छ।

जोगिरा सररररर... कुन तालमे ढोलक नाचे कुनताल मजीरा कुनतालमे नटुवा नाचे कुनताल नजारा, के बोलो सारारारा... के बोलो सारारारा... जोगिरा सारारारा...।

तराई भागमा भाइरल बनेको यस गीतलाई होली पर्वका अवसरमा प्रायः जतातत गाइने गरिन्छ। जोगिरा भन्नाले सामान्य अर्थमा जोगीको रुपमा लिइन्छ। जसलाई पारिवारिक मायामोह लेनादेनाले अल्झाउँदैन, साधु-बिन्दास, निस्फिक्री तवरको र फुर्सदिलो मानिसको रुपमा बुझ्न सकिन्छ।

कञ्चन बनमे राम खेले होली... भन्दै गाइने गीतले भगवान राम समेत कञ्चन वनमा होली खेल्न आउने गर्थे, भन्ने किम्वदन्तीलाई जोडेको देखिन्छ।

विशेषरुपमा आज मालपुवा, तरुवा बगरुवा, माछा-मासु अनि सर्स्यूको दाना, तील वा आलस र अदुवा हालेर बनाएको छोपको अचार अनि बिभिन्न मिठाईहरुको आकर्षण र महत्व दमदार रहेको ठानिन्छ। आज जीऊमा तेल लगाउने र आँपको मुजुरा खाने चलन पनि छ, जीउमा तेल लगाउँदा छालामा रङ्ग नटासिने र मजुरा खाएमा सबै मुजुरामा टिकुला बन्ने, आँप सप्रने र धेरै फल्ने



जनविश्वास छ। पश्चिम तराईतिर माटो जीउमा दलेपछि होलीको प्रारम्भ भएको मानिन्छ। यस वर्ष प्रायः सबैतिर 'कोरोना भाइरस' कम हुँदै गएको देखिएकाले फागुमहोत्सवको रौनकतामा केही सुधार हुने अनुमान गरिएको छ।

फागु महोत्सव सम्बन्धमा त्रेतायुगीन प्रसङ्गमा उल्लेख भए अनुसार दैत्यराज हिरण्यकशिपुका पुत्र युवराज प्रल्हाद नित्य भगवान विष्णुको नाम जप्ने गर्दथे। राक्षसराज हिरण्यकशिपु आफैं भगवान भएको घमण्ड राख्ने प्रवृत्तिभित्रका भएकाले मनपर्ने कुरै  भएन, त्यसैले धेरै पटक छोरालाई सम्झाई-बुझाई गरे। जतिसुकै सम्झाए-बुझाए पनि भगवानको नाम जप्न नछाडेकाले, आक्रोशित भएर बहिनी होलिकासँग आगोमा नडढ्ने शक्ति भएकोले प्रल्हादलाई बोकेर आगोमा बस्ने आदेश दिए। होलिकाले पनि आफूसँग आगोले डढाउन नसक्ने शक्ति प्राप्त रहेकाले प्रल्हादलाई काखमा लिएर बलेको आगोमा पसिन्। दन्दन् बलेको आगोले बालक प्रल्हादलाई केही गरेन, होलिका चाहिँ डढेर मरिन्। पापवृत्तिकी प्रतिक होलिकाको मृत्यु भएपछि उसकै नामबाट असत्यको मृत्यु भएको खुशियालीमा 'होली' खेल्ने प्रथाको थालनी भएको मानिन्छ।

नारद पुराण र भविष्य पुराणमा उल्लेख भए अनुसार भगवान श्रीकृष्णलाई दूध खुवाएर मार्न आएकी बिशाल शरस्रकी राक्षसी पुतनालाई पनि आजकै दिन भगवान श्रीकृष्णले बध गरेकोले गोपालबासीहरुले अत्यन्त रमाएर हर्कबढाईं गर्दै, उत्सव मनाउँदै यो खुशियालीमा 'होली' खेल्ने प्रथाको थालनी गरेको मानिन्छ। ध्यानमग्न बसिरहेका महादेवको तप बिथोलेर ब्यूँझाउँन खोज्दा अकस्मात उनको तेश्रो नेत्र खुलेर कामदेव भष्म भएको कथा पनि यसै प्रकरणसँग जोडिएर आएको छ।

फागु महोत्सव सम्बन्धमा द्वापरयुगीन समयका बिषयमा रङ्गी-चङ्गी ध्वजापताकाहरु झुण्ड्याइएको प्रसङ्ग आउँछ। जसमा भगवान श्रीकृष्णसँग वस्त्रहरण लीला यसरी जोडिएको पाइन्छ- एकदिन गोपिनीहरु जमुना नदी किनारमा आफ्ना सबै लुगा फुकालेर राखी नुहाउँदै थिए। भगवान श्रीकृष्ण त्यसैबेला घुम्दै आउँदा त्यहाँ नदी किनारमा लुगा देखेर  गोपिनीहरु नुहाउन लागेको थाह पाई सबै बटुलेर ध्वजापताका भैं रुखमा जतातत झुण्ड्याई सुमधुर भाकामा बाँसुरी बजाउन थाले छन्, एकधुनमा नुहाइरहेका गोपिनीहरुलाई बाँसुरीको धुनले झस्कायो र हतार-हतार अघि राखेका ठाउँमा लुगा खोज्दा ध्वजापताका भैं रुखमा झुण्ड्याएको देखेर यो सबै भगवान श्रीकृष्णकै खेल हो भन्ने बुझेर लाजले भुतुक्कै हुँदै श्रीकृष्णलाई अनुनय-विनय गर्न थाले। श्रीकृष्णले गोपिनीहरुलाई अबदेखि नुहाउँदा केही वस्त्र लगाएरै नुहाउन अर्ति उपदेश दिँदै लुगा फिर्ता गरेको भन्ने प्रसङ्ग आउँछ।

राजधानी काठमाडौंको बसन्तपुर गद्दी बैठक दरबार अगाडिको प्राङ्गणमा फाल्गुन शुक्ल अष्टमीका दिन अग्लो तीनछत्र भएको फागु महोत्सव प्रतिक 'चीर' गाडिन्छ र रंगीबिरंगी कपडाहरु ध्वजापताकाका रुपमा वरिपरि जतातत झुण्ड्याइन्छ। त्यसपछि फागु गीत गाउँदै, रङ्ग छर्किदै, पूजा गर्दै अनुहार र जीउमा अबिर र रंगले भरिएको पिच्कारीबाट लोला हान्दै, दल्दै धुमधामले फागु महोत्सव मनाउने प्रक्रियाको थालनी गरिन्छ। त्यसपछि फगुवाको अन्तिम दिनमा विधिपूर्वक झुण्ड्याइएका पताकाहरुलाई भेला भएका सबैले हारालुछ गर्दै हात पार्न बल गर्छन्। किनकि पताकाहरुमा औषधीय गुण र शक्ति रहेको जनविश्वास पाइन्छ। यतिबेला खेलिएको भीषण होलीमा उडेको रङ्ग र अबिरले वातावरण नै रंगीन बनाउँछ। यसपछि बाजा बजाउँदै, गीत गाउँदै चीरलाई टुँडीखेलमा लगेर पोलिन्छ र फागू पर्व विदाइ भएको मानिन्छ।

असिम जनआस्था भएको फागू पर्वभित्रका दृष्टान्तहरुको सारबाट बुझ्न सकिन्छ कि कोही जतिसुकै बलशाली र शक्तिशाली भए पनि आखिर बिजय सत्यको नै हुने रहेछ। ब्रम्हाजीबाट वरदान पाएकी होलीकाले अबोध बालकलाई डढाउन काखमा राखी आगोमा पस्दा अपराधपूर्ण विचार कै कारण परिस्थिति उल्टियो र बालक प्रल्हाद जोगिए अनि होलीका चाहिँ मरिन्। यहाँ सत्यको अगाडि शक्ति  र बल निरीह भएको छ। सत्यको बिजय र असत्यको मृत्यु भएको छ- 'सत्य डग्दैन, असत्य टिक्दैन'  भनाई चरितार्थ भएको छ। होलीका शक्तिशाली  भए पनि असत्यको मार्ग अनुशरण गरेकीले जीवन निरर्थक, आलोचनात्मक र व्यर्थ भयो। भक्त प्रल्हाद  सत्यमा रहँदा जीवनमा केही पीडा व्यहोर्नु परे पनि अजर-अमर बने।

यसरी रङ्गीन-पर्व फागु महोत्सवको निचोडले स्पष्ट देखायो, ढिलो भए पनि आखिर बिजय सत्यको नै हुने रहेछ, सत्यलाई आत्मसात गरौं ! जीवन धन्य बनाऔं ! अनुशासित र मर्यादित भएर रमाइलो गर्दै रङ्ग खेलौं ! फागूपर्व मनाऔं !

*krishnadhakal251@gmail.com*

# स्वार्थका लागि जनतालाई विभाजन गर्ने शासक



**टीकाप्रसाद लामिछाने**

राजनीति अनौठो हुँदोरहेछ। प्रकृति अनिश्चित बन्दैछ। भूगोल परिवर्तनशील छ, तर तन्किँदैन। इतिहास धुमिल भएको छ। यही राजनीति, प्रकृति, भूगोल र इतिहासलाई आधार बनाएर मान्छे भविष्य खोज्दैछ। हिजो इतिहासको दबदवा थियो। आज वर्तमान थररर काँपिरहेछ। प्रकृति उत्ताउलिए झैं लाग्छ। प्रकृति र मान्छेका क्रियाकलापले भूगोल आक्रान्त छ। यही आक्रान्त भूगोलमाथि हामी मान्छेहरू विभिन्न तप्कामा बाँडिएका छौं। बसोबासका हिसाबले मात्र होइन, विचार र दृष्टिकोणमा विभक्त छौं।

विभिन्नखाले वादमा भौतारिएका छौं, फाटेका छौं। आखिर हामी सबैले खोजेको प्रगति हो। प्रगति व्यक्तिको, प्रगति परिवारको, प्रगति समुदायको, प्रगति राज्यको, प्रगति भूमण्डलको। तर, त्यही प्रगति खोज्न, हेर्न र गर्न विभिन्न वादमा छरिएका छौं। हामी किन एउटै वाद र विचारमा सहमत हुन सक्दैनौं ? समुदायको प्रगतिमा किन एउटै व्यक्ति हावी हुनुपर्ने ? राज्यको समृद्धिमा किन एउटै व्यक्ति को नाम रहनुपर्ने ? के एउटै सवालमा हामीले विभक्त हुनुपर्ने ? एकजुट भएर काम गर्दा कसको जुँगा उखेलिन्छ ? कसको सम्पत्ति नासिन्छ ? आखिर कार्ल मार्क्सले भनेको द्वन्द्वात्मक भौतिकवाद यही रहेछ क्यार !

आजकल राजनीतिको रंग खुइलिँदैछ। मार्क्सवादका पखेटा रंगहीन भएर उखेलिए। उड्नै नसकेर भू-मध्य सागरमा विलय भए जस्तो छ। लेनिनवाद भोल्गा नदीबाट बग्दै क्यास्पियन र कृष्ण सागरमा हरायो। एंगेल्स र स्टालिनका भँगालाहरु सुके। हेगेल्स र प्लेटोका सिद्धान्तहरु सूचना प्रविधिको प्रयोग गर्न नजानेर अर्कै ग्रहमा बसाईं सरे सायद। अब्राहम लिङ्कनको 'जनताको, जनताका लागि जनताद्वारा गरिने शासन' प्रजातन्त्रको सुन्दर व्याख्या ठीक उल्टो भएको छ। अहिले त धनीले मात्र नभएर नवधनाढ्यले नवधनायढ्कै लागि गरीब माथि गरिने शासन पो भएको छ प्रजातन्त्र !

माओवादमा भरोसा गर्थे मान्छेहरु, सि जिन पिङ्को मार्ग हुँदै अघि बढिरहँदा कोरोना भाइरसले मरणासन्न तुल्याएको छ। पुँजीवादको त के कुरा ? पुँजीवादभित्रको अहंकारी, अन्धो राष्ट्रवादले जम्मु कश्मिर खर्लप्पै निल्यो। मेक्सिकोलाई मानव निर्मित पर्खालले छेकिदियो। बेलायत चन्द्रमाको देश हुन खोजिरहेछ। नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी देशको नक्साबाट अपहरणमा परेका छन्। विचित्र छ पुँजीवादको चर्तिकला। कठैबरी वीपीको प्रजातान्त्रिक समाजवादलाई नवउदारवादले स्वात्तै निलिदियो। मदन भण्डारीको बहुदलीय जनवादलाई क्रोनी पुँजीवादले धुजाधुजा बनाइरहेछ। तै ब्युँझिन्छ कि ?

पुजीवाद ! समाजवाद ! साम्यवाद ! निरंकुशतन्त्र ! राजतन्त्र ! प्रजातन्त्र ! लोकतन्त्र ! गणतन्त्र ! वाह ! कति धेरै वाद र तन्त्र ! यस मानेमा विश्वका मानिसहरू भाग्यमानी। कट्कटी दाँत किट्दै भए पनि कमसेकम यी सबै देख्न र भोग्न पाएका छौं। आफ्नो आफ्नो स्वर र लय अनुसार भजन गाएका छौं। कसैले इतिहासमा चौतारीमा राजा भेटियो भनेर गायौं। कसैले हिटलरी गाथा सुनायौं। कसैले विश्वका मजदुरहरू एक हौं भनेर नारा लगायौं। वर्तमानमा 'सुखी नेपाली समृद्ध नेपाल'को रटान यत्र तत्र सर्वत्र व्याप्त छ। स्वदेशमा मात्र होइन, परदेशमा पनि। तर, हामी कहिल्यै



एकजुट नहुने रहेछौं। सँधै फुटेको फुट्यै। ए गाँठ्ठे, जंगलमा जीवन गुजारा गर्ने जेब्राहरु एकै बथानमा हुन्छन्। हरिणहरू एकै बथानमा हुन्छन्। हात्तीहरू एकै बथानमा हुन्छन्। अर्नाहरू, नीलगाईहरू, चराहरू सबै आ-आफ्नै बथानमा रमाइरहेका हुन्छन्। तर, हामी मानिसहरू एउटै जाति भएर पनि कहिल्यै एकै बथानमा बस्न नसक्ने रहेछौं।

एउटै जीवनशैली नहुने रहेछ। एउटै विचार र दृष्टिकोण नबन्ने रहेछ। मानवतावाद त देखाउने दाँत मात्र रहेछ। बाहिर मुस्काउने र भित्र-भित्र छुरा धस्ने जात रहेछ मान्छेको। दादा इदिअमिनले मान्छेको मुटु खान्थे रे भन्ने सुनेँथेँ। कोतपर्व, भण्डारखाल पर्वको इतिहास पढेथेँ। कर्नेल गद्दाफीलाई मृत्युदण्ड सुनाइएको थियो क्यारे। सद्धाम हुसेनलाई बीच बजारमा ढालिएको दृष्य पनि देखिएको हो। हिटलरले ग्यास च्याम्बरमा हजारौं यहुदीहरुको ज्यान आहुति गरे। पोलपोटका अकथा बेग्लै छन्। उफ हुँदाहुँदा रौतहटमा २० जना इँटाभट्टामा पोलिन्छन्। कति सम्झिनु र मानिसका अमानवीय क्रुरता ? शास्त्रका हजार जिब्रा भएका शेषनागले पनि वर्णन गर्न सायदै सक्लान्। आखिर मान्छे भएर जन्मेपछि के क्रुर हृदयी हुनै पर्छ र ? इतिहासको कुन सभ्यताले मान्छेलाई यस्तो क्रुर हुन सिकायो ? धिक्कार छ त्यो सभ्यतालाई।

मैले मान्छेको एउटै जात हो, हुनुपर्छ, विभक्त हुनुहुँदैन भनिरहँदा मेरै मनको अर्को कुनाबाट प्रश्न उठिरहेको छ। मान्छेको प्राकृतिक जात एउटै भए पनि संस्कारीवालाले विभिन्न नश्लीय जातमा मान्छेलाई बाँडिदिएका छन्। सम्पतिको लेखाजोखा गरी विभिन्न वर्गमा विभाजन गरिदिएका छन्। यसरी मान्छेलाई विभाजन गरी यो कित्ता र त्यो कित्तामा कसले पुऱ्यायो ? यहीं नेर छ विभेद। यस विभेदलाई यसरी ब्याख्या गर्न सकिन्छ। शासक र शासित। मान्छेको एक हिस्साले जहिल्यै पनि शासन गरेको छ भर्ने अर्को हिस्सा शासित भएर रहेको छ। शासित भएर बस्ने मान्छे आम मान्छे हो जो सदा भुइँमान्छे भएर बाँचेको छ। अधिकांश यस्ता मान्छे गरीब छन्। निमुखा छन्। खेलवाड गर्न जान्दैनन् तिकडम् गर्न जान्दैनन्। विभिन्नखालका वाद र तन्त्रलाई बुझ्दैनन्। तर, तिनै मान्छेलाई राजनीतिले सार्वभौम सत्ता सम्पन्न बनाएको छ र पाँच बर्षमा एक-पटक निर्वाचनमा भाग लिएर आफ्नो शासक छान्छन्। उनीहरुको सार्वभौमिकताको चरम दुरुपयोग हुन्छ। चुचेढुङ्गो उही टुङ्गो, सकियो त्यस्ता मान्छेहरूको भूमिका।

अब शासक भएर जन्मिएको अर्को वर्ग छ खुँखार। यो वर्ग जाली छ, झेली छ, सिद्धान्तवादी छ, तर सिद्धान्तनिष्ठ छैन। नागरिकलाई कर्तव्यका कुरा सिकाउँछ। तर, आफू कर्तव्यपरायण छैन। समानताको डिङ हाँक्छ, तर आफू सामन्ती संस्कारमा रमाउँछ। महिला पुरुष बराबरी भन्छ, तर व्यवहारमा महिलालाई हेयको दृष्टिले हेर्छ। शासक भइसक्दा भाइभारदारहरूको भजन मण्डली झुण्ड बनाउँछ र शासन सत्ताका हरेक खुड्किलाहरुमा नन्दीभृङ्गीहरूलाई नियुक्ति गर्छ। योग्यता, क्षमता भएकाहरू भाँडमा जाउन् मतलब राख्दैन। संवैधानिक आयोगहरू आफ्नो अनुकूल हुनेगरी गठन गरिन्छन्। विकासका हरतरहका सपना सुन्न पाइन्छ। राजा वीरेन्द्रले आफ्ना प्रजालाई एसियाली मापदण्डमा पुऱ्याएकै हुन् सपनामा। वीपीले समाजवाद मार्फत एउटा दुहुने गाई, एउटा घर र एक हल गोरु सबैका घर-घरमा पुऱ्याउने सपना बाँडेथे। राजा महेन्द्रले भूमिसुधार गरेर आफ्ना सन्तान दरसन्तानलाई पुग्ने भूमि यथार्थमै हत्याएका थिए। सन्तनेताको मेलम्ची २६ वर्ष बित्दा पनि अझै तयार भएको छैन। अब 'सुखी नेपाली समृद्ध नेपाल'को अमूर्त सपनाका खातिर राज्य लागी परेको छ। हामी भुइँमान्छे खुशीले गद्गद् भएका छौं। आखिर पेट भोकै भए पनि, आङ नाङ्गै भए पनि हामी जो खुशी हुने सौभाग्यशाली छौं।

यसरी आदिमकालदेखि नै मान्छे शासक र शासित दुई वर्गमा मात्रै विभाजित छ। दासयुग र सामन्तीयुगमा शासकहरूले शासितहरूलाई अत्यन्तै अन्याय र अत्याचारपूर्ण शासन चलाए आफ्नो वर्गको उन्नतिका लागि। शासन चलाउने क्रममा उठेका विद्रोही स्वरहरु दबाउन शासक वर्गको हृदय क्रुर बन्यो। आफ्ना विरोधीहरूको सफाया नै आफ्नो शानसौकत र वैभवको निरन्तरता। उदाहरणका लागि कुनै घटना पेश गर्नु जरूरी नपर्ला। गौतम बुद्धले राजपाट त्यागेर शान्तिको खोजीमा निस्केको कथा हामी सबैलाई थाहै छ। जिसस क्राइस्टलाई क्रसमा टाँगेर हत्या गरिएको कथा छिपेको छैन। उनीहरू महामानव थिए। धपाइएर, मारिएर भए पनि आजसम्म बाँचेका छन्, युगौंयुगसम्म बाँच्नेछन्  ।

यही शासक वर्गले हो मान्छेलाई एकजुट हुन नदिएको। यही शासक वर्ग हो जो विभिन्न विरोधीतन्त्र र विरोधीवादका सिद्धान्तका ठेलीहरू आम मान्छेलाई सुनाउँछ र मान्छेलाई विभक्त गरिदिन्छ। यही शासक वर्ग हो जो आम नरसंहारमा उत्रन सेकेण्ड ढिलो गर्दैन। पाषण हृदयी ! यही वर्ग हो जो जातीय हिंसा मार्फत मान्छेलाई फुटाउँछ र आफू शासन गर्छ। चुनावका बेला साम, दाम, दण्ड, भेद सबै-सबै उपाय अवलम्बन गर्दछ र फेरि पनि शासन मै पुग्छ। हामी भुइँमान्छे उसको विजय उत्सवमा नारा लगाउन सबै थोक त्यागेर झुम्मिन्छौं। बधाई छ हामीलाई !

*tiprala2019@gmail.com*

# पाँचथरमा चौथो राष्ट्रपति रनिङ शिल्ड सञ्चालन

□ युद्धबहादुर बोहोर

**पाँचथर, चैत २।** पाँचथरमा स्थानीय तह स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड-२०७८ शुरु भएको छ ।

चालू आर्थिक वर्षको पहिलो रनिङ शिल्ड फालेलुङ गाउँपालिकामा भएको जिल्ला खेलकुद विकास समिति पाँचथरका सचिव मातृका दाहाले जानकारी दिए । फाल्गुनन्द गाउँपालिकामा चैत ३ देखि ५ गतेसम्म वडा नम्बर २ इम्बुङस्थित सत्यहाङ्मा माध्यमिक विद्यालयमा सञ्चालन हुने गरी सम्पूर्ण तयारी भइसकेको आयोजक संस्थाका प्रधानध्यापक (सदस्य सचिव) रामभक्त नेम्बाङले बताए ।

पालिका अध्यक्ष वीरबहादुर कुरुम्बाङको अध्यक्षतामा रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा विविध विषयमा छलफल गरी निर्णय पारित भएसँगै खेल सञ्चालनको तयारी भएको उनले जानकारी दिए । छलफलमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोक, २ नम्बर वडाका अध्यक्ष बहादुरसिंह नेम्बाङ, खेलकुद समिति लगायतको सहभागिता रहेको थियो ।

सत्यहाङ्मा माध्यमिक विद्यालयमा सञ्चालन हुने रनिङ शिल्ड पाँचथरका संघीय संसद तथा पूर्वमन्त्री बसन्तकुमार नेम्बाङद्वारा उद्घाटन हुने भएको छ । रनिङ शिल्डमा पालिकाभित्रका ११ वटा सामुदायिक र दुईवटा संस्थागत विद्यालय गरि जम्मा १३ वटा माध्यमिक विद्यालयले सहभागिता जनाउने पालिका शिक्षा शाखा प्रमुख बाबुराम राईले जानकारी दिए ।

उनका अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिकामा उल्लेख गरिएका सम्पूर्ण खेल खेलाइने बताए । यसअघि जिल्लाका कुनै पालिकामा नखेलाइको उसु खेल समेत फाल्गुन्दमा पहिलो पटक खेलाउन लागिएको बताए ।

खेल मर्यादित रुपमा सञ्चालन गरिने साथै शान्ति सुरक्षालाई चुस्तदुरुस्त राख्न वडा नम्बर ३ मा रहेको प्रहरी चौकी पौवाभञ्ज्याङलाई अनुगमनको लागि खटाइएको छ । खेल सञ्चालन गर्न राष्ट्रिय स्तरका लाइसेन्स प्राप्त पाँच जना रेफ्रीको व्यवस्था मिलाइएको आयोजक संस्थाले जनाएको छ ।

यसभन्दा पहिले यस पालिकामा प्रथम राष्ट्रपति रनिङ शिल्ड ५ नम्बर वडाको घुर्बिसे पञ्चमी माध्यमिक विद्यालय फाक्तेपमा आयोजना भएको समयमा आयोजक संस्था विजेता बनेको थियो । दोस्रो वर्ष वडा नम्बर १ नवमीडाँडास्थित सिद्धदेवी माध्यमिक विद्यालयले आयोजना गरको वर्ष पनि आयोजक संस्थाले नै जीत हात पारेको थियो भने तेस्रो वर्ष वडा नम्बर ५ कोल्बुङस्थित जनकल्याण माध्यमिक विद्यालयले आयोजना गरेको वर्ष समेत वडा नम्बर १ नवमीडाँडास्थित सिद्धदेवी माध्यमिक विद्यालय विजयी बनेको थियो ।

जिल्लाको याङ्वरक गाउँपालिकामा चैत ६ गतेदेखि रनिङ शिल्ड सञ्चालन हुने छ भने तुम्वेवा गाउँपालिकाको तयारी हुँदै गरेको तर मिति तय नभएको साथै अन्य पालिकाले पनि आफ्नो तयारीमा जुटेको जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

यसअघि खेल तयारी गर्ने क्रममा फालेलुङ गाउँपालिकाका एक विद्यार्थीले ज्याब्लिङ थ्रो गर्दा टाउकोमा लागेर अर्का बालक गम्भीर घाइते भएको र उनको उपचार गर्न हेलिकप्टरको भाडा पालिकाले नै व्यहोर्ने गरी पहल गर्दा समेत हेलिकप्टर नपाइएका कारण बेलैमा उपचार गराउन नसक्दा १० वर्षीय बालकको मृत्यु भएको थियो ।

# दुर्घटनामा वृद्धाको मृत्यु

**उदयपुर, चैत २।** उदयपुरको बेलका नगरपालिका-६ स्थित मदन भण्डारी लोकमार्गमा मोटरसाइकलले ठक्कर दिँदा एक बृद्धाको मृत्यु भएको छ ।

स.७ प ८६९२ नम्बरको मोटरसाइकलको ठक्करबाट घाइते भएकी पैदलयात्री बेलका नगरपालिका-३ कि ७६ बर्षीय राममाया आलेको उपचारको क्रममा बेलका नगर अस्पतालमा मृत्यु भएको हो ।


मोटरसाइकल र चालक त्रियुगा-७ का २० बर्षीय बिष्णु भट्टराईलाई इलाका प्रहरी कार्यालय रामपुर उदयपुरले नियन्त्रणमा लिई दुर्घटनाको सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाइएको छ ।


## सूचना ! सूचना !! सूचना !!!



साविक जिल्ला भोजपुर गा.वि.स. तिम्मा वडा नं. ३ तथा हाल जिल्ला झापा भद्रपुर न.पा. वडा नं.१ निवासी भारतीय सैनिक ७/११ जि.आर.JC २२२८२० W सुवेदार मेजर होनेरी लप्टन श्री गंगाप्रसाद राईकी श्रीमती सन्तकुमारी राईको जिल्ला प्रशासन कार्यालय झापाबाट जारी ना.प्र.प.नं.०४-०१-७८-११५३८ मा जन्म मिति वि.सं.२०१२/०२/०५ (ई.सं. १९५५/०५/१९) उल्लेख भएको र पेन्सन अभिलेखमा जन्ममिति ई.सं. १९५७/०३/१५ उल्लेख भएको हुँदा उक्त दुवै फरक-फरक जन्ममिति भएको व्यक्ति अलग-अलग नभई एकै व्यक्ति सन्तकुमारी राईको भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# सीजीको फ्रि एसी सर्भिस क्याम्प




**झापा, चैत २।** नेपालकै सबैभन्दा ठूलो इलेक्ट्रोनिक्स ब्राण्ड सीजीले सिमित अवधिको लागि नेपालभरि फ्रि एसी सर्भिस क्याम्प शुरु गरेको छ ।

यो क्याम्पमा कुनै पनि ब्राण्डको एसी बिना कुनै पनि शुल्क फ्रिमा सर्भिसिङ गर्नुका साथै एक्सचेञ्ज गर्न मिल्ने व्यवस्था समेत रहेको कम्पनीले जनाएको छ । उक्त क्याम्पमा कुनै पनि ब्राण्डको जुनसुकै अवस्थामा रहेको एसीसँग सिजी ब्राण्डको नयाँ एसी साट्न सकिने बताइएको छ । एक्सचेञ्ज गर्दा ग्राहकको एसीको उचित मूल्यांकन गरिने कम्पनीले जनाएको छ ।

ग्राहकको घरमै गएर फ्रिमा जडान समेत गरिदिने यो क्याम्पको मुख्य आकर्षण रहेको बताइएको छ । नयाँ एसी खरिद गर्न चाहेमा सिजीका कुनै पनि एसी लिँदा २१% सम्मको विशेष छुट रहेको कम्पनीले जनाएको छ । ती एसीहरुमा पाँच वर्षको कम्प्रेसर वारेण्टी समेत दिइने बताइएको छ । एसीको स्पेयरपार्टमा ५०% सम्म छुट दिने यो क्याम्पको अर्को आकर्षक रहेको बताइएको छ ।


## सटर भाडामा

बिर्तामोडस्थित बिजुली अफिस पूर्व पुरानो भद्रपुर रोडमा रहेका ११ वटा सटर भाडामा छ । व्यापारिक प्रयोजन वा गोदामको लागि उपयुक्त छ ।

सम्पर्क : ९८६३७२०३६९, ९८२४९६०२७०, ९८४२६५३०९९

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी रु. २०००/– मा सफाई गरिने छ ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## कतारमा Cleaner हरुका लागि रोजगारको अवसर

कम्पनी : UNIVERSAL SERVICES & MAINTENANCE QATAR — शहर: DOHA, QATAR
पूर्व स्वीकृत मिति: 2022/03/14 — चलानी नं.: 60175935 — LT. No.: 259512

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GEN CLEANER WORKER | 0 | 43 | स. काममा दक्ष | 1,000 | 33,391 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोटः यसै कम्पनिका लागि TEA GIRL (SALARY- 1650QR) हरुको पनि माग भएको हुदा इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

अन्तर्वार्ता होटेल सेन्टर पोइन्ट, झापा बिर्तामोडमा २०७८ चैत्र ७ गते (21 MAR) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Regd.No. 45852/063/064 — Govt. Lic. No. 704/064/065

**Talent Overseas Services Pvt. Ltd.**
(Overseas Employment Consultants)
P.O.Box: 23009, Pingalasthan-8, Gaushala, Kathmandu, Nepal
Contact No: 9803672294, 9803572294, 9817920206

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## THAKUR POLYCLINIC

यहि चैत ५ गते, शनिबारका दिन बिहान ८:३० देखि ११:०० बजे सम्म

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा




अब विर्तामोडमा

डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?

- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- उकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडबड



अग्रिम बुकिङ्गका लागि सम्पर्क न.

THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।




यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।

## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## कुवेत एयरपोर्टमा रोजगारको सुवर्ण अवसर

ONE FACILITIES MANAGEMENT COMPANY WLL
पुर्व स्विकृति मिति: २०७८।०७।१७ चलानी नं. ६०१६६८२१ LT No. 249707 पुन:बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Light Labors/Cleaners | 50 | 10 | काममा दक्ष | 85 | 34425 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards/ Security Officers | 49 | 10 | | 125 | 50250 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/– कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: झापा, विर्तामोड, सेन्टर पोइन्ट पार्टी प्यालेस, विर्तामोड-१ मा: २०७८ चैत्र ८ गते हुनेछ।

नोट: एयरपोर्टमा काम गर्नुपर्ने भएकाले अंग्रेजी राम्रो हुनुपर्ने, उचाई ५ फिट ६ इञ्च हुनुपर्ने, काम गरेकोलाई प्राथमिकता दिइने

१) सेक्यूरिटी गार्डलाई १२ घण्टा २६ दिन, 180 KD,
२) Scanner लाई ८ घण्टा २६ दिन 200 KD
३) X-ray Man ८ घण्टा २६ दिन 200 KD
४) एयरपोर्टमा क्लिनिर १२ घण्टा २६ दिन 120 KD

**कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.**
KHRM Dream Solution Lic. No.: 593/062/63
कञ्चन हाउस, एयरपोर्ट गेट (होटेल हेमा सँगैको रातो घर), काठमाडौं . फोन: ४४६४७०८
Jhapa Contact: 023-590136, 590440 9852674349, 9807902265, 9816961140, 9801046467




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलिमा बिचार पुऱ्याउनु होला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलीको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्, मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको समय छ, काममा उतार-चढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्य सिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।